# नेपाल नागरिक उड्डयन प्राधिकरण

# वायुयानहरुको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन निर्देशिका, २०७२

## नेपाल नागरिक उड्डयन प्राधिकरण

**प्रधान कार्यालय, बबरमहल, काठमाण्डौं ।**

**संचालक समितिबाट स्वीकृति मिति : २०७२।३।२७**

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# वायुयानहरुको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग)
# तथा अन्य भूमिस्थ सेवा सञ्चालन निर्देशिका, २०७२

**प्रस्तावना :** विमानस्थल भूमिस्थ प्रवन्ध सेवालाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनका मापदण्ड तथा सिफारिस एवं अन्तर्राष्ट्रिय हवाई यातायात संघले निर्दिष्ट गरेको मार्गदर्शन अनुरुप व्यवस्थित रुपमा कार्यान्वयन गर्न गराउन आवश्यक भएकोले,

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ५ को खण्ड (ठ) मा व्यवस्था भए अनुसार विमानस्थलमा भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्ने, गराउने प्राधिकरणको काम, कर्तव्य र अधिकार रहेकोले,

सोही ऐनको दफा १० को उपदफा (१) को खण्ड (ङ) मा विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन लगायत अन्य व्यापार व्यवसाय गर्ने संस्थाहरुसँग तोकिए बमोजिम भाडा तथा शुल्क असुल गर्ने व्यवस्था रहेकोले, र

विमानस्थलमा सञ्चालन गरिने भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा व्यवस्थित तथा स्तरीय रुपमा सञ्चालन गर्न साविक निर्देशिकालाई समय सापेक्ष परिवर्तन गरी प्राधिकरणको आयमा सघाऊ पुऱ्याउन बांछनीय भएको हुँदा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३५ ले दिएको अधिकारी प्रयोग गरी विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को दफा ७७ मा भएको व्यवस्था कार्यान्वयनको लागि नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिले यो निर्देशिका बनाई लागू गरेको छ ।

# परिच्छेद–१

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण, वायुयानहरुको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका प्राधिकरण सञ्चालक समितिबाट स्वीकृति भएको मितिदेखि लागू हुनेछ ।

(३) यो निर्देशिका नेपालका बिमानस्थलहरुबाट उडान गर्न अनुमति प्राप्त वायुयान र यस निर्देशिका वमोजिम अनुमति प्रमाणपत्र प्राप्त गर्ने संस्थाको हकमा मात्र लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "निर्देशिका" भन्नाले "नेपाल नागरिक उड्डयन प्राधिकरण, वायुयानहरुको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन निर्देशिका **२०७२**" सम्झनु पर्दछ ।

(ख) "भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा" भन्नाले नेपालका विमानस्थलबाट उडान हुने वायुयानलाई उपलब्ध गराईने भूमिस्थ प्रवन्ध सेवा सम्झनु पर्छ र सो शब्दले नेपालका विमानस्थलबाट उडान गर्ने वायुयानका सम्बन्धमा देहायका सेवाहरुलाई जनाउँदछ । सामुहिक रुपमा कमर्शियल वा सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा वा संस्थाले नेपाल नागरिक उड्डयन प्राधिकरण, वायुयानहरुको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) र एयरसाइडमा प्रदान गरिने अन्य सेवा सञ्चालन गर्न अनुमति पाएका संस्थासंग करार संझौता गरी त्यस्तो सेवा लिन सक्नेछन् ।

**१. सामुहिक सेवा**

- ग्राउण्ड एडमिनिस्ट्रेशन एण्ड सुपरभिजन ।
- प्यासेन्जर ह्याण्डलिङ्ग
- ब्यागेज ह्याण्डलिङ्ग
- र्‍याम्प ह्याण्डलिङ्ग
- फ्लाइट अपरेसन्स एण्ड क्रु एडमिनिस्ट्रेशन ।
- सर्फेस ट्रान्सपोर्ट (क्रु, प्यासेन्जर ट्रान्सपोर्ट ) ।

**२. एकल/छुट्टै सेवा**

- प्यासेन्जर ह्याण्डलिङ्ग
- ब्यागेज ह्याण्डलिङ्ग
- क्याटरिङ्ग सर्भिसेज ।
- फ्यूल एण्ड आयल ह्याण्डलिङ्ग ।
- फ्रेट एण्ड मेल
- ट्रान्जिट कार्गो
- कुरियर ह्याण्डलिङ्ग
- प्यासेन्जर ट्रान्सपोर्ट

- एक्सपोर्ट तर्फको कार्गो प्यालेटिङ्ग कार्य
- रुटिन इन्स्पेक्सन, मेन्टेनेन्स एण्ड सर्टिफिकेशन अफ एयरक्राफ्ट एट द स्टैण्ड ।
- एयरक्राफ्ट डि आइसिङ्ग ।
- वायुयानको ईन्टेरियर क्लिनिङ्ग ।
- भि.आई.पी./सि.आई.पी ट्रान्सपोर्टेशन ।
- फिजिकली च्यालेन्ज्ड प्यासेन्जर ट्रान्सपोर्टेशन ।
- फास्ट ट्र्याक Custom Immigration & Quarantine (CIQ ) सेवा ।

**३.अन्य भूमिस्थ सेवा**

- एक्जुकिटिभ लाँउन्ज/क्लव अपरेशन
- एयरसाइड एम्बुलेन्स/आकस्मिक सेवा

(ग) "कार्यालय" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गतका नागरिक उड्डयन कार्यालय सम्झनु पर्छ ।

(घ) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समिति सम्झनु पर्छ ।

(च) "महानिर्देशक" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सम्झनु पर्दछ ।

(छ) "संस्था" भन्नाले भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको एकल वा संयुक्त कम्पनी तथा संस्था समेत सम्झनु पर्दछ ।

(ज) "सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नेपालका विमानस्थलहरुबाट उडान गर्न यस निर्देशिका बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त गरी उडान संचालन गर्ने व्यक्ति वा संस्थाले आफ्नो उडानमा रहेको वायुयानको सामुहिक भूमिस्थ प्रवन्ध सेवा आफैंले संचालन गर्ने भन्ने सम्झनु पर्दछ ।

(झ) "कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नेपालका विमानस्थलहरुबाट उडान गर्ने स्वकृति प्राप्त व्यक्ति, संस्था वा वायुसेवाका वायुयानहरुको लागि भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा प्रदान गर्ने गरी यस निर्देशिका वमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त गर्ने संस्थाले करारमा वायुयानको भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्ने कार्य सम्झनु पर्दछ ।

## ३ यस निर्देशिकाको व्याख्या :

(१) यस निर्देशिकाको व्याख्या गर्ने अधिकार महानिर्देशकलाई हुनेछ र निजले गरेको व्याख्या सम्बन्धित सबैको लागि मार्गदर्शक हुनेछ ।

(२) उपखण्ड (१) बमोजिम महानिर्देशकले गरेको व्याख्या उपर चित्त नबुझी समिति समक्ष सरोकारवालाले ७ दिनभित्र निवेदन दिएमा समितिले छानविन गरी व्याख्या सहित निर्देशन दिन सक्नेछ । समितिले गरेको व्याख्या अन्तिम व्याख्या हुनेछ ।

# परिच्छेद – २

## अन्तर्राष्ट्रिय उडानमा रहेका वायुयानहरुको सामुहिक भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

### ४ अन्तर्राष्ट्रिय उडानमा रहेका वायुयानको सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा

(१) नियमित उडान गर्ने वायुसेवा वा वायुयान संचालकले अन्तर्राष्ट्रिय उडानमा सञ्चालन हुने आफ्नो वायुयानको भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा विमानस्थलमा आफैले सञ्चालन गर्न (सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग) गर्न चाहेमा यस दफाको अधिनमा रही प्राधिकरणको अनुमति लिनु पर्नेछ

(२) एक हप्तामा कम्तिमा पैतीस (३५) पटक नियमित उडान सञ्चालन गर्न अनुमति पाएको वायुसेवा वा वायुयान संचालकले मात्र आफ्नो अन्तर्राष्ट्रिय उडानमा संचालन हुने वायुयानको भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा विमानस्थलमा आफैले संचालन (सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग) गर्न उप-खण्ड (१) अनुसार आवेदन दिन सक्नेछन् ।

तर, यो निर्देशिका लागू हुनु पूर्व सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने अनुमति तथा प्रमाणपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेका वायुसेवाहरु तथा अन्तर्राष्ट्रिय उडान तर्फका उद्धार उडान वा हस्पिटल उडान वा साना अन्तर्राष्ट्रिय चार्टर उडान वा यस्तै प्रकृतिका न्यूनतम उपकरण मात्र प्रयोग गर्ने उडानले सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्न चाहेमा यस खण्डमा उल्लेखित उडान संख्याको सीमा लागु हुने छैन ।

(३) उप-दफा (२) वमोजिमको आवश्यकता पूरा गरी सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न उप-दफा (१) बमोजिम आवेदन दिने वायुसेवा वा वायुयान संचालकलाई प्राधिकरणले स्थान तथा अवस्था हेरी नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली, २०६७ मा उल्लिखित शुल्क लिई यस निर्देशिकाको अनुसूची- (१) बमोजिमको सेल्फ ग्राउण्ड ह्याण्डलिङ्गको अनुमति प्रमाण-पत्र प्रदान गर्न सक्नेछ ।

तर सेल्फ ग्राउण्ड ह्याण्डलिङ्गको लागि स्थान अभाव भएमा अन्तर्राष्ट्रिय उडानका लागि हाल सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गरिरहेका बाहेक थप अन्तर्राष्ट्रिय वायुसेवा वा संस्थालाई विमानस्थल प्रमुखको सिफारिशमा प्राधिकरणले सेल्फ ग्राउण्ड ह्याण्डलिङ्गको अनुमति प्रदान नगर्ने निर्णय गर्न सक्नेछ ।

(४) सेल्फ ग्राउण्ड ह्याण्डलिङ्गको अनुमति प्राप्त वायुसेवाले अनुमति प्राप्त गरेको बढीमा १ (एक) बर्ष भित्र आफूले प्रदान गर्ने सेवाका लागि चाहिने उपयुक्त उपकरण तथा दक्ष जनशक्तिको व्यवस्था गरी स्तरीय संचालन कार्यविधि तथा ग्राउण्ड ह्याण्डलिङ्ग म्यानूअल महानिर्देशकबाट स्वीकृति गराउनु पर्नेछ ।

(५) उपदफा (४) वमोजिमको कार्य सम्पन्न भएको १५ दिनभित्र त्यस्तो अनुमति प्राप्त वायुसेवाले सम्बन्धित कार्यालयसँग आवश्यक सम्झौता गर्नु पर्नेछ । सम्बन्धित कार्यालयसँग सम्झौता गरिसकेपछि त्यस्तो वायुसेवाले आफ्नो अन्तर्राष्ट्रिय उडानमा संचालन हुने वायुयानको आफै ग्राउण्ड ह्याण्डलिङ्ग गर्न सक्नेछ ।

## ५. अन्तर्राष्ट्रिय उडानको अनुमति प्राप्त वायुयानको कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग

(१) कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग गर्न प्रचलित कानून बमोजिम दर्ता भएको कुनै संस्थाले करारमा अन्य वायुसेवा वा वायुयान संचालकहरुको वायुयानको भूमिस्थ प्रवन्ध (कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न चाहेमा यस दफाको अधिनमा रही प्राधिकरणको अनुमति लिनु पर्नेछ ।

तर, नेपाल सरकारको स्वामित्व प्राप्त राष्ट्रिय ध्वजावाहक वायुसेवा संस्थाले कमर्शियल भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा संचालन गर्न चाहेमा छुट्टै (ग्राउण्ड ह्याण्डलिङ्ग) संस्था दर्ता गर्नु पर्ने छैन ।

(२) प्राधिकरणले कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा विज्ञापन प्रकाशित गरी प्रतिस्पर्धाको आधारमा आवश्यकता अनुसार २ (दुई) वटासम्म वायुसेवा वा संस्थालाई कमर्सियल ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रदान गर्ने गरी छनौट गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिमको प्रतिस्पर्धामा सहभागी हुन निम्न वमोजिमको योग्यता हासिल गरेको हुनुपर्नेछः

क. कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग सेवा संचालन गर्ने उद्देश्यले प्रचलित कानुन वमोजिम दर्ता भएको,

ख. तीनवटा वा सो भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालकहरुको जम्मा कम्तिमा हप्तामा ३५ वटा अन्तर्राष्ट्रिय नियमित उडानको अनुमति प्राप्त वायुसेवाहरुसँग भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्ने सम्वन्धमा सहमति पत्र सम्पन्न भएको,

(४) उप-खण्ड (३) वमोजिमको प्रतिष्पर्धामा सबै भन्दा वढी अंक प्राप्त गर्ने एक वा दुई वटा संस्थालाई प्राधिकरणले छनौट गर्ने छ । यसरी छनौट भएको संस्थाले नेपाल नागरिक उड्डयन प्राधिकरण, बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ को अनुसूची (३) मा उल्लेख भए बमोजिमको शुल्क र सोही अनुसूचिमा उल्लिखित जमानत रकमको पाँच प्रतिशत नगद रकम वा बैंक ग्यारेण्टी १५ दिन भित्र दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (४) वमोजिम रकम तथा धरौटी दाखिला गर्ने संस्थालाई प्राधिकरणले कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न आवश्यक पुर्वाधार तथा मापदण्ड तयारीको लागि १ वर्षको समय दिई अनुमतिको आशय पत्र (लेटर अफ इन्टेण्ट) प्रदान गर्नेछ ।

(६) उप-दफा (५) बमोजिम अनुमतिको आशय पत्र प्राप्त संस्थाले सो आशय पत्र प्राप्त गरेको मितिले एक वर्षभित्र उपयुक्त उपकरण तथा दक्ष जनशक्तिको व्यवस्था गरी स्तरीय संचालन कार्यविधि, सेवा वापत लिईने शुल्क र भूमिस्थ प्रवन्ध म्यानुअल आदि महानिर्देशकबाट स्वीकृति गराउनु पर्नेछ । सेवा संचालन कार्यविधि तथा म्यानुअल स्विकृतिका लागि पेश गर्दा तीनवटा वा सो भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालकहरु गरी कम्तिमा हप्तामा ३५ वटा अन्तर्राष्ट्रिय नियमित उडानको अनुमति प्राप्त वायुसेवाहरुको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ

सेवा सञ्चालन गर्न सम्पन्न गरिएको करार पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(७) उपदफा (६) वमोजिमको कार्यविधि तथा म्यानुअल स्विकृत भएको १५ दिन भित्र नेपाल नागरिक उड्डयन प्राधिकरण, बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ को अनुसूची (३) बमोजिमको जमानत रकम वा सो वरावरको बैंक ग्यारेण्टी दाखिला गरी सम्बन्धित कार्यालयसँग आवश्यक सम्झौता गर्नु पर्नेछ ।

(८) उपदफा (७) वमोजिम संझौता सम्पन्न भएपछि प्राधिकरणले यस निर्देशिकाको अनुसूची (१) बमोजिम कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्ने अनुमति प्रमाण-पत्र सम्वन्धित संस्थालाई प्रदान गर्नेछ ।

(९) अनुमति प्राप्त संस्थाले सम्झौता बमोजिम कार्य सञ्चालन नगरेमा वा सम्झौता बमोजिम काम नगरी करारका शर्त उल्लंघन गरेमा वा एक पक्षीय रुपमा सम्झौता भंग गरेमा उपदफा (४) र (७) बमोजिम राखिएको बैंक ग्यारेण्टी रकम प्राधिकरणले जफत गरी आफ्नो कोषमा आम्दानी बांध्नेछ ।

(१०) उपदफा (९) बमोजिम बाहेक अन्य प्रकारको क्षतिपूर्तिका रुपमा नोक्सान हुन गए बमोजिमको थप रकम समेत निजबाट असुल उपर गरिनेछ ।

# परिच्छेद ३

## आन्तरिक उडानको अनुमति प्राप्त वायुसेवाहरुको सामुहिक भूमिस्थ प्रबन्ध सम्बन्धी व्यवस्था

### ६. आन्तरिक उडानको लागि भूमिस्थ प्रबन्ध तथा अन्य भूमिस्थ सेवा प्रदान गर्न अनुमति लिनु पर्ने :

(१) आन्तरिक उडानमा रहेका वायुसेवाहरुले आफ्नो वायुयानको भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा आफैं गर्न चाहेमा नेपाल नागरिक उड्डयन प्राधिकरण, बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ मा उल्लेख भए बमोजिमको शुल्क तथा जमानत बापतको नगद रकम वा बैंक ग्यारेण्टी सहित प्राधिकरण समक्ष आवेदन गर्नु पर्नेछ । यसका लागि उडान संख्याको बन्देज रहने छैन ।

(२) आन्तरिक उडानमा रहेका वायुसेवाहरुले आफ्नो वायुयानको आफैं ग्राउण्ड ह्याण्डलिङ्ग गर्न नसक्ने अवस्थामा प्राधिकरणले कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको व्यवस्था गर्न सक्नेछ ।

(३) आन्तरिक विमानस्थलमा कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग गर्नका लागि कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको संस्था हुनु पर्नेछ ।

(४) आन्तरिक विमानस्थलमा कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको अनुमति पत्र प्रदान गर्दा प्रतिस्पर्धाबाट गरिनेछ । आन्तरिक विमानस्थलमा कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको अनुमति प्राप्त गर्न कम्तीमा हप्तामा ६० वटा आन्तरिक नियमित उडानको अनुमति प्राप्त वायुसेवाहरुको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न सम्पन्न गरिएको सहमति पत्र आवश्यक पर्नेछ । कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गको अनुमतिका लागि छनौट, प्रतिस्पर्धा लगायतका अन्य प्रकृया दफा ५ को उपदफा (२), (३)क, (४), (५), (६), (७), (८), (९) र (१०) मा उल्लेख भए वमोजिम हुनेछ ।

## परिच्छेद ४

## छुट्टाछुट्टै ग्राउण्ड ह्याण्डलिङ्ग सम्बन्धी व्यवस्था

७. **नेपालका बिमानस्थलमा फ्युल एण्ड आयल ह्याण्डलिङ्ग तथा क्याटरिङ्ग सेवा प्रदान गर्न अनुमति लिनु पर्ने** :

(१) यस निर्देशिका बमोजिम "फ्यूल एण्ड आयल ह्याण्डलिङ्ग" गर्ने तथा "क्याटरिङ्ग" सेवा सञ्चालन गर्ने संस्थाले यसै निर्देशिका बमोजिम अनुमति तथा प्रमाणपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फ्युल एण्ड आयल ह्याण्डलिङ्ग गर्ने तथा क्याटरिङ्ग सेवा प्रदान गर्ने अनुमति प्राप्त गर्न चाहने संस्थाले सम्वन्धित उद्देश्य सहितको दर्ता प्रमाणपत्र, सम्वन्धित सेवा प्रदान गर्ने योग्यता, क्षमता खुल्ने कागजात र आवेदन दस्तुर संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम आवेदन प्राप्त हुन आएमा निजको योग्यता क्षमता र आवश्यक कागजात जाँचवुझ गरी सेवा प्रदान गर्न उपयुक्त छ भन्ने देखिएमा निजलाई प्राधिकरणले अनुमति प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (३) वमोजिम प्राधिकरणबाट अनुमति प्राप्त गर्ने गरी निर्णय भएमा आवेदकले प्रमाणपत्र दस्तुर र बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिमको धरौटी दाखिला गरेपछि मात्र निजलाई अनुमतिको प्रमाणपत्र प्रदान गरिनेछ ।

(५) यो निर्देशिका लागू हुंदाका बखत फ्यूल एण्ड आयल ह्याण्डलिङ्ग तथा क्याटरिङ्ग सेवा प्रदान गरिआएका संस्थाले नेपाल नागरिक उड्डयन प्राधिकरण, बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिमको आवेदन र प्रमाणपत्र दस्तुर तथा धरौटी बुझाइ प्राधिकरणमा आवेदन गर्नु पर्नेछ । यसरी आवेदन प्राप्त हुन आएमा प्राधिकरणले आवश्यक छानविन गरी सो को अनुमति तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(६) फ्यूल एण्ड आयल ह्याण्डलिङ्ग तथा क्याटरिङ्ग सेवा प्रदान गरे बापत बुझाउने दस्तुर "बिमानस्थल सेवा शुल्क नियमावली, २०६७" बमोजिम हुनेछ ।

८. **फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग /ट्रान्जिट कार्गो, कुरियर ह्याण्डलिङ्ग सेवा प्रदान गर्न अनुमति लिनु पर्ने** :

(१) यस निर्देशिका बमोजिम "फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग/ट्रान्जिट कार्गो, कुरियर ह्याण्डलिङ्ग सेवा" सञ्चालन गर्ने संस्थाले यस निर्देशिका बमोजिम अनुमति तथा प्रमाणपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग/ट्रान्जीट कार्गो, कुरियर ह्याण्डलिङ्ग सेवा प्रदान गर्ने अनुमति प्राप्त गर्न चाहने संस्थाले सम्वन्धित कामको उद्देश्य सहितको संस्था दर्ता प्रमाणपत्र, सम्वन्धित सेवा प्रदान गर्ने योग्यता, क्षमता खुल्ने कागजातका साथै फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग/ट्रान्जिट कार्गो, कुरियर ह्याण्डलिङ्ग, आन्तरिक/अन्तर्राष्ट्रिय कार्गो कुरियर, भन्सार क्लियरिङ्ग मध्ये कुनै एक उद्देश्य अनिवार्य रुपमा उल्लेख गरी आवेदन दस्तुर संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ ।

(३) फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग/ट्रान्जिट कार्गो, कुरियर ह्याण्डलिङ्ग सेवा प्रदान गर्ने अनुमति प्राप्त गर्नका लागि नेपालमा नियमित उडान अनुमति प्राप्त कुनै पनि आन्तरिक तथा अन्तराष्ट्रिय वायुसेवा कम्पनीहरुसंग फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग/ट्रान्जिट कार्गो, आन्तरिक/अन्तर्राष्ट्रिय कुरियर ह्याण्डलिङ्ग सेवा, भन्सार क्लियरिङ्ग सम्वन्धी काम गर्ने सम्झौता भएको वा यस्तो सम्झौता गरिएको कम्पनीले सम्वद्धन गरेको कुनै एक पत्र पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) वमोजिम आवेदन प्राप्त हुन आएमा निजको योग्यता क्षमता र आवश्यक कागजात जाँचवुझ गरी सेवा प्रदान गर्न उपयुक्त छ भन्ने देखिएमा निजलाई एक वर्षको परीक्षण काल रहने गरी महानिर्देशकबाट अनुमति प्रदान गर्न सकिनेछ । एक वर्षसम्म सन्तोषजनक कार्य गरेको पाइएमा प्राधिकरणले बढीमा ५ बर्षको अनुमति प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) वमोजिम प्राधिकरणवाट अनुमति प्राप्त गर्ने गरी निर्णय भएमा आवेदकले प्रमाणपत्र दस्तुर र बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिमको धरौटी दाखिला गरेपछि मात्र निजलाई अनुमतिको प्रमाणपत्र प्रदान गरिनेछ ।

(६) फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग/ट्रान्जिट कार्गो, आन्तरिक/अन्तर्राष्ट्रिय कुरियर ह्याण्डलिङ्ग, भन्सार क्लियरिङ्ग सम्वन्धी सेवा प्रदान गरे बापत बुझाउने दस्तुर "बिमानस्थल सेवा शुल्क नियमावली, २०६७" बमोजिम हुनेछ ।

९. प्यासेन्जर ट्रान्सपोर्ट, एक्सपोर्ट तर्फको कार्गो प्यालेटिङ्ग कार्य, रुटिन इन्स्पेक्शन, मेन्टेनेन्स एण्ड सर्टिफिकेशन अफ एयरक्राफ्ट एट द स्टैण्ड, एयरक्राफ्ट डि-आइसिङ्ग, वायुयानको ईन्टेरियर क्लिनिङ्ग, भि.आई.पी. / सि.आई.पी. ट्रान्सपोर्टेशन, फिजिकल्ली च्यालेन्ज्ड प्यासेन्जर ट्रान्सपोर्टेशन, फास्ट ट्र्याक Custom, Immigration & Quarantine (CIQ ) सेवा, एक्जुकिटिभ लाँउन्ज / क्लव अपरेशन, एयरसाइड एम्बुलेन्स/आकस्मिक सेवा प्रदान गर्न अनुमति लिनु पर्ने :

(१) यस निर्देशिका बमोजिम "प्यासेन्जर ट्रान्सपोट, एक्सपोर्ट तर्फको कार्गो प्यालेटिङ्ग कार्य, रुटिन इन्सपेकसन, मेन्टेनेन्स एण्ड सर्टिफिकेशन अफ एयरकाफ्ट एट द स्टैण्ड, एयरकाफ्ट डि-आइसिङ्ग, वायुयानको ईन्टेरियर क्लिनिङ्ग, भि.आई.पी./सि.आई.पी ट्रान्सपोर्टेशन ,फिजिकली च्यालेन्ज्ड प्यासेन्जर ट्रान्सपोर्टेशन, फास्ट ट्र्याक Custom, Immigration & Quarantine (CIQ) सेवा, क्यालिब्रेशन अफ एयरक्राफ्ट, एक्जुकिटिभ लाँउन्ज/क्लव अपरेशन, एयरसाइड एम्बुलेन्स/आकस्मिक सेवा" सञ्चालन गर्ने संस्थाले यस निर्देशिका बमोजिम अनुमति तथा प्रमाणपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम "प्यासेन्जर ट्रान्सपोट, एक्सपोर्ट तर्फको कार्गो प्यालेटिङ्ग कार्य, रुटिन इन्स्पेक्सन, मेन्टेनेन्स एण्ड सर्टिफिकेशन अफ एयरकाफ्ट एट द स्टैण्ड , एयरकाफ्ट डि आइसिङ्ग, वायुयानको ईन्टेरियर क्लिनिङ्ग, भि.आई.पी./सि.आई.पी ट्रान्सपोर्टेशन, फिजिकली च्यालेन्ज्ड प्यासेन्जर ट्रान्सपोर्टेशन, फास्ट ट्र्याक Custom Immigration & Quarantine (CIQ ) सेवा, एक्जुकिटिभ लाँउन्ज/क्लव अपरेशन, एयरसाइड एम्बुलेन्स/ आकस्मिक सेवा" प्रदान गर्ने अनुमति प्राप्त गर्न चाहने संस्थाले सम्वन्धित कामको उद्देश्य सहितको दर्ता प्रमाणपत्र, सम्वन्धित सेवा प्रदान गर्ने योग्यता, क्षमता खुल्ने कागजात साथै प्यासेन्जर ट्रान्सपोट, एक्सपोर्ट तर्फको कार्गो प्यालेटिङ्ग कार्य, रुटिन इन्सपेकसन, मेन्टेनेन्स एण्ड सर्टिफिकेशन अफ एयरकाफ्ट एट द स्टैण्ड, एयरकाफ्ट डि आइसिङ्ग, वायुयानको ईन्टेरियर क्लिनिङ्ग, भि.आई.पी./सि.आई.पी

ट्रान्सपोर्टेशन, फिजिकली च्यालेन्ज्ड प्यासेन्जर ट्रान्सपोर्टेशन, फास्ट ट्र्याक Custom Immigration & Quarantine (CIQ ) सेवा, एक्जुकिटिभ लाँउन्ज/क्लव अपरेशन, एयरसाइड एम्बुलेन्स/आकस्मिक सेवा" मध्ये कुनै एक उद्देश्य अनिवार्य रुपमा उल्लेख गरी आवेदन दस्तुर संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ।

(३) प्यासेन्जर ट्रान्सपोट, एक्सपोर्ट तर्फको कार्गो प्यालेटिङ्ग कार्य, रुटिन इन्स्पेक्सन, मेन्टेनेन्स एण्ड सर्टिफिकेशन अफ एयरकाफ्ट  एट द स्टैण्ड, एयरकाफ्ट डि-आइसिङ्ग, वायुयानको ईन्टेरियर क्लिनिङ्ग, भि.आई.पी./सि.आई.पी. ट्रान्सपोर्टेशन, फिजिकली च्यालेन्ज्ड प्यासेन्जर ट्रान्सपोर्टेशन, फास्ट ट्र्याक Custom Immigration & Quarantine (CIQ) सेवा, एक्जुकिटिभ लाँउन्ज/क्लव अपरेशन, एयरसाइड एमबुलेन्स/आकस्मिक सेवा" प्रदान गर्ने अनुमति प्राप्त गर्नका लागि नेपालमा नियमित उडान अनुमति प्राप्त कुनै पनि आन्तरिक तथा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरुसंग प्यासेन्जर ट्रान्सपोट, एक्सपोर्ट तर्फको कार्गो प्यालेटिङ्ग कार्य, रुटिन इन्स्पेक्शन, मेन्टेनेन्स एण्ड सर्टिफिकेशन अफ एयरक्राफ्ट एट द स्टैण्ड, एयरक्राफ्ट डि- आइसिङ्ग, वायुयानको ईन्टेरियर क्लिनिङ्ग, भि.आई.पी./सि.आई.पी. ट्रान्सपोर्टेशन, फिजिकली च्यालेन्ज्ड प्यासेन्जर ट्रान्सपोर्टेशन, फास्ट ट्र्याक Custom Immigration & Quarantine (CIQ) सेवा, एक्जुकिटिभ लाँउन्ज/क्लव अपरेशन, एयरसाइड एम्बुलेन्स/आकस्मिक सेवा", आन्तरिक/अन्तर्राष्ट्रिय, वायुसेवा, भंसार, अध्यागमन र क्वारेनटाईन सम्वन्धी काम गर्ने सम्झौता भएको वा यस्तो सम्झौता गरिएको कम्पनीले सम्वद्धन गरेको कुनै एक पत्र पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) वमोजिम आवेदन प्राप्त हुन आएमा निजको योग्यता क्षमता र आवश्यक कागजात जाँचवुझ गरी सेवा प्रदान गर्न उपयुक्त छ भन्ने देखिएमा निजलाई एक वर्षको परीक्षण काल रहने गरी महानिर्देशकबाट अनुमति प्रदान गर्न सकिनेछ। एक बर्षभित्र उचित कार्य गरेको पाइएमा प्राधिकरणले बढीमा ५ बर्षको पूर्ण अनुमति प्रदान गर्न सक्नेछ।

(५) उपदफा (४) वमोजिम प्राधिकरणवाट अनुमति प्राप्त गर्ने गरी निर्णय भएमा आवेदकले प्रमाणपत्र दस्तुर र बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिमको धरौटी दाखिला गरेपछि मात्र निजलाई अनुमतिको प्रमाणपत्र प्रदान गरिनेछ।

(६) प्यासेन्जर ट्रान्सपोर्ट, एक्सपोर्ट तर्फको कार्गो प्यालेटिङ्ग कार्य, रुटिन इन्स्पेक्सन, मेन्टेनेन्स एण्ड सर्टिफिकेशन अफ एयरक्राफ्ट एट द स्टैण्ड, एयरक्राफ्ट डि-आइसिङ्ग, वायुयानको ईन्टेरियर क्लिनिङ्ग, भि.आई.पी./सि.आई.पी. ट्रान्सपोर्टेशन, फिजिकली च्यालेन्ज्ड प्यासेन्जर ट्रान्सपोर्टेशन, फास्ट ट्र्याक Custom, Immigration & Quarantine (CIQ) सेवा, एक्जुकिटिभ लाँउन्ज/क्लव अपरेशन, एयरसाइड एम्बुलेन्स/आकस्मिक सेवा" गरे बापत उपरोक्त सवै सेवालाई ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा मानी सो वापत बुझाउनु पर्ने दस्तुर "बिमानस्थल सेवा शुल्क नियमावली, २०६७" बमोजिम हुनेछ।

**१०.** छुट्टा-छुट्टै ग्राउण्ड ह्याण्डलिङ्ग व्यवस्थाको दफा ७, दफा ८, ९ तथा दफा १० अनुसार अनुमति तथा प्रमाण पत्र प्राप्त गर्ने संस्थाले सेवा संचालन गर्ने सम्वन्धित कार्यालयसंग सम्झौता गर्नु पर्नेछ।

## परिच्छेद ५
## भूमिस्थ प्रबन्ध सम्बन्धी अन्य व्यवस्था

११. **हाल आफै आफ्नो वायुयानको भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्दै आइरहेका वायुसेवाहरुले यसै निर्देशिका बमोजिम अनुमति लिनु पर्नेः** यो निर्देशिका प्रारम्भ हुँदाका बखत विमानस्थलमा आफै आफ्नो वायुयानको भूमिस्थ प्रवन्ध सेवा सञ्चालन गर्दै आइरहेका वायुसेवाहरुले पनि यी शर्तहरु पूरा गरी अनुमति लिनु पर्नेछ ।

१२. **अनुमति तथा दर्ता प्रमाण-पत्र नवीकरण गर्नु पर्ने :** यस निर्देशिकाको परिच्छेद २, परिच्छेद ३ तथा परिच्छेद ४ बमोजिम अनुमति तथा प्रमाण-पत्र प्राप्त गर्ने वायुसेवा वा संस्थाको अबधि प्रत्येक वर्षको असार मसान्तमा समाप्त हुनेछ । कसैले सेवाको अबधि नवीकरण गर्न चाहेमा नेपाल नागरिक उड्डयन प्राधिकरणमा, बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ मा उल्लेखित नवीकरण दस्तुर तिरी अवधि समाप्त भएको एक हप्ताभित्र नवीकरण गर्न आवेदन दिनु पर्नेछ । सो अवधिभित्र नवीकरण गर्न नआएमा तोकिए बमोजिमको विलम्व शुल्क बापत थप रकम तिरी १२० दिनभित्र प्राधिकरणबाट नवीकरण गराउन सक्नेछ । सो अबधिभित्र पनि नवीकरण नगरेमा अनुमति तथा प्रमाण-पत्र स्वतः रद्द हुनेछ ।

१३. **भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले सेवाको स्तरीयता पुऱ्याउनु पर्ने :** यस निर्देशिका बमोजिम आफै वा करारमा (कमर्शियल) भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा प्रदान गर्न अनुमति प्राप्त संस्थाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) तथा अन्तर्राष्ट्रिय हवाई यातायात संगठन (IATA) द्वारा निर्धारण गरिए अनुसारको मापदण्ड स्तरीय सेवा सञ्चालन गर्नु पर्ने **र ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवामा प्रयोग हुने उपकरण IATA द्वारा निर्धारित स्तर अनुरुपको हुनु पर्नेछ ।** यसरी सञ्चालन गर्ने सेवा स्तरीय संचालन कार्यविधि तथा ग्राउण्ड ह्याण्डलिङ्ग म्यानूअलमा स्पष्ट गरेको हुनु पर्दछ ।

१४. **करारमा भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्ने अनुमति प्राप्त संस्थाले आफूले भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा प्रदान गरे बापत लिने शुल्क प्राधिकरणबाट स्वीकृत गराउनु पर्नेः** करारमा कमर्शियल भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले आफूले भूमिस्थ प्रवन्ध सेवा प्रदान गरे वापत भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा प्रदान गर्न स्वीकार गर्ने वायुसेवा वा वायुयान संचालकहरुसँग लिने शुल्क प्राधिकरणबाट स्वीकृत गराउनु पर्नेछ । सामान्यतयाः यस्तो शुल्क छिमेकी मुलुकमा भूमिस्थ प्रवन्ध सेवा प्रदान गर्दा लिइने गरेको अधिकतम शुल्क भन्दा बढी नहुने गरी स्वीकृति प्रदान गरिनेछ । भूमिस्थ प्रवन्ध सेवा प्रदान गरे वापत यस्ता संस्थाले भूमिस्थ प्रवन्ध सेवा प्राप्त गर्ने वायुसेवा वा वायुयान संचालकसँग प्राधिकरणबाट स्वीकृत शुल्क बाहेक अन्य कुनै किसिमको रकम लिन पाउने छैन ।

१५. **आफ्नो वायुसेवाको भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा आफै सञ्चालन गर्न अनुमति प्राप्त वायुसेवा वा वायुयान सञ्चालकले बुझाउनु पर्ने बहाल तथा दस्तुर :**

(१) यस निर्देशिका वमोजिम आफ्नो वायुयानको आफै भूमिस्थ प्रवन्ध (सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न अनुमति प्राप्त वायुसेवा वा वायुयान सञ्चालकले भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्दा प्राधिकरणसँग अधिकतम **५**

(पांच) बर्षको अवधिमा नबढ्ने गरी अवधि तोकी सम्झौता गरी उपकरण राख्ने क्षेत्र निर्धारण गरी प्राधिकरणलाई जग्गा बहाल तथा सवारी साधन प्रवेश दस्तुर तथा अन्य दस्तुर बुझाउनु पर्नेछ ।

(२) निर्देशिकाको दफा (४) को उप दफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित उद्धार उडान वा हस्पिटल उडान वा साना अन्तर्राष्ट्रिय चार्टर उडान वा यस्तै प्रकृतिका न्यूनतम उपकरण मात्र प्रयोग गरे पुग्ने किसिमका वायुयानको वायुयान सञ्चालकले आफै ग्राउण्ड ह्याण्डलिङ्ग गर्न चाहेमा यस निर्देशिकामा उल्लेख भए बमोजिमको सम्झौता गर्नु पर्ने छैन । तर, यस्ता उडानमा आउने वायुयानहरुले ग्राउण्ड एडमिनिस्ट्रेशन एण्ड सुपरभिजन वापत सम्बन्धित नागरिक उड्डयन कार्यालयलाई बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

**१६. <u>करारमा भुमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा गर्न अनुमति प्राप्त संस्थाले दस्तुर बुझाउनु पर्नेः</u>**

(१) यस निर्देशिकाको दफा ५ वमोजिम करारमा (कमर्शियल) भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले कार्यालयसँग ५ वर्षको अवधिमा नबढ्ने गरी अवधि तोकी उपकरण राख्ने क्षेत्र निर्धारण गरी आवश्यक सम्झौता गरी प्रचलित नियम अनुसारको जग्गा बहाल, सवारी साधन प्रवेश दस्तुर तथा नेपाल नागरिक उड्डयन प्राधिकरण, बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिमको दस्तुर प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

(२) यस निर्देशिका वमोजिम सामुहिक वा छुट्टा छुट्टै करारमा (कमर्शियल) भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले प्रचलित लेखा पद्धति बमोजिम आयको लेखा राख्नु पर्नेछ ।

(३) उप-खण्ड (२) बमोजिम आयको लेखा विवरण सहित निर्देशिकाले निर्देश गरे वमोजिमको तथा संझौतामा तोकिए वमोजिमको दस्तुर कार्यालयलाई बुझाउनु पर्नेछ ।

(४) उप-खण्ड (२) बमोजिम लेखा दुरुस्त राखे नराखेको कार्यालय तथा प्राधिकरणले समय समयमा अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

(५) उप-खण्ड (४) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणमा प्राधिकरणबाट खटिई आउने अधिकारीलाई लेखा कागजात तथा विवरण उपलब्ध गराउनु संस्थाको कर्तव्य हुनेछ । उक्त विवरण उपलव्ध नगराएमा विमानस्थल सेवा शुल्क नियमावली, २०६७ मा भएको व्यवस्था अनुसारको कारवाहीका साथै अनुमति पत्र समेत खारेज गर्न सकिनेछ ।

**१७ <u>भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न स्वीकृति प्राप्त वायुसेवा सञ्चालक वा संस्थाले नगद जमानत वा बैंक ग्यारेण्टी राख्नु पर्ने :</u>** भूमिस्थ प्रवन्ध तथा अन्य भूमिस्थ सेवा सञ्चालन गर्न अनुमति प्राप्त वायुसेवा सञ्चालक वा संस्थाले प्राधिकरणलाई बुझाउनु पर्ने नगद जमानत वा बैंक ग्यारेण्टी रकम नेपाल नागरिक उड्डयन प्राधिकरण, बिमानस्थल सेवा शुल्क नियमावली, २०६७ मा उल्लेख भए बमोजिम हुनेछ ।

१८ **<u>जमानत फुकुवा हुने</u>** : दफा १७ बमोजिम राखिएको बैंक ग्यारेण्टी रकम सम्झौताको अवधि समाप्त भएपछि प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी वक्यौता रकम कट्टा गरी वाँकी नगद जमानत वा बैंक ग्यारेण्टी सम्बन्धित वायुसेवा वा संस्थालाई फुकुवा गरिनेछ ।

१९ **<u>यस निर्देशिकामा उल्लेखित शर्त पूरा नगरेमा कारवाही गरिने :</u>** अनुमति प्राप्त संस्थाले यस निर्देशिकामा उल्लिखित शर्तहरु पूरा नगरेमा वा प्राधिकरणलाई बुझाउनु पर्ने रकम तोकिएको वा निर्धारित समयभित्र नवुझाएमा प्राधिकरणले दफा १७ अनुसार राखिएको नगद जमानत वा बैंक ग्यारेण्टीबाट नियमानुसार आफ्नो असुल गर्नु पर्ने रकम असुल गरी यस निर्देशिका बमोजिम प्रदान गरिएको अनुमति तथा प्रमाण-पत्र रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ ।

२० **<u>तेश्रो पक्षीय बीमा गराउनु पर्ने :</u>** भुमिस्थ प्रबन्धक (ग्राउण्ड ह्याण्डलिङ्ग) तथा अन्य भूमिस्थ सेवा प्रदान गर्ने संस्थाले सेवाको सिलसिलामा प्रयोग गर्ने मेशिन, औजार तथा मानवीय त्रुटिबाट हुन सक्ने तेश्रो पक्षको क्षति व्यहोर्न तेश्रो पक्षीय बीमा (थर्ड पार्टी लियाविलिटी इन्स्योरेन्स) गराई सो को बीमालेख प्राधिकरणमा पेश गर्नु पर्नेछ । यसरी तेश्रो पक्षीय बीमा गराउँदा पहिले देखि नै त्यस्तो विमा गरेको भए सो समेत गरी समग्रमा अन्तर्राष्ट्रिय उडानको लागि कम्तिमा यू.एस.डलर ५,००,००,०००। (अमेरिकी डलर पाँच करोड) तथा आन्तरिक उडानको लागि रु. ५,००,००,०००। (अक्षेरेपी पाँच करोड) हुनु पर्नेछ । क्याटरिङ्ग सेवा, फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग/ट्रान्जिट कार्गो, कुरियर ह्याण्डलिङ्ग सेवा, फ्युल एण्ड आयल ह्याण्डलिङ्ग सेवाको हकमा यू.एस.डलर १०,००,०००/- (अमेरिकी डलर दश लाख) को तेश्रो पक्षीय बीमा गराउनु पर्नेछ ।

२१ **<u>क्षतिपूर्ति गर्नु पर्ने :</u>** कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा प्रदान गर्ने अनुमति प्राप्त संस्था वा वायुसेवाले नियमित रुपमा स्तरीय सेवा प्रदान गर्न नसकेमा सोबाट सेवाग्राही (सेवा लिने) वायुसेवालाई भएको क्षतिपूर्ति कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा प्रदान गर्ने संस्थाले व्यहोर्नु पर्नेछ । साथै ग्राउण्ड ह्याण्डलिङ्ग गर्दा दोश्रो वा तेश्रो पक्षको क्षति हुन गई त्यस्तो क्षति पूर्तिको माग भई आएमा त्यसको जिम्मेवारी सम्बन्धित संस्थाले लिनु पर्नेछ ।

## परिच्छेद ६
## भूमिस्थ प्रबन्ध सम्बन्धी प्रशासनिक व्यवस्था

२२. **उडान अनुमति प्रदान गर्दा ग्राउण्ड ह्याण्डलर अनिवार्य रुपमा तोकिनु पर्ने व्यवस्था :** यो निर्देशिका अनुसार नेपालमा उडानको लागि अनुमति माग गर्ने सबै वायुसेवाहरुले अनुमति माग गर्दा आफ्नो सामुहिक ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा कसले गर्ने हो स्पष्ट गरी आवेदन गर्नु पर्नेछ र उडान अनुमति दिंदा नेपाल नागरिक उड्डयन प्राधिकरण, सिभिल एभिएशन सेफ्टी रेगुलेशन निर्देशनालयले अनुमति पत्रमा ग्राउण्ड ह्याण्डलर स्पष्ट तोकिदिनु पर्नेछ । आवेदकले ग्राउण्ड ह्याण्डलर तोकी आवेदन दिएकोमा सिभिल एभिएशन सेफ्टी रेगुलेशन निर्देशनालयले सो ग्राउण्ड ह्याण्डलरले अनुमति पाए नपाएको एयर नेभिगेशन सर्भिसेस निर्देशनालयबाट एकिन गर्नु पर्नेछ ।

२३. **वायुसेवाहरुको अनुमति सम्बन्धी आवेदन लिने व्यवस्थापन सम्बन्धी व्यवस्था** :
(१) यो निर्देशिका अनुसार सेल्फ तथा कर्मर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा गर्ने वायुसेवा वा संस्थाले अनुमति माग गर्दा नेपाल नागरिक उड्डयन प्राधिकरण, एयर नेभिगेशन सर्भिसेस निर्देशनालयमा आवेदन गर्नु पर्नेछ ।

(२) यस निर्देशनालयले पर्न आएका आवेदन उपर निर्देशिकामा उल्लेखित बिबरण अध्ययन गरी सबै आवश्यकता पूरा भएपछि स्वीकृतिको लागि महानिर्देशक समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएका वायुसेवा वा संस्थाहरुलाई अनुमति तथा प्रमाणपत्र जारी भएपछि कार्यान्वयनका लागि एयर नेभिगेशन सर्भिसेस निर्देशनालयले सम्बन्धित नागरिक उड्डयन कार्यालयमा पठाउनु पर्नेछ ।

(४) यो निर्देशिका अनुसार अनुमति प्रदान गरिएका वायुसेवा वा संस्थाले समयमै नविकरण गरे नगरेको हेरी एयर नेभिगेशन सर्भिसेस निर्देशनालयले समयमै सम्बन्धित वायुसेवा वा संस्थालाई जानकारी गराउनु पर्नेछ ।

२४. **शुल्क तथा धरौटी सम्बन्धी व्यवस्था** : यस निर्देशिका अनुसार बुझाउनु पर्ने प्रमाणपत्र शुल्क तथा धरौटी रकम एयर नेभिगेशन सर्भिसेस निर्देशनालयको सिफारिशमा नेपाल नागरिक उड्डयन प्राधिकरणले तोकेको बैक वा तोकेको निकायमा जम्मा गरी सोको सक्कलै भौचर बुझाउनु पर्नेछ ।

२५. **बिमानस्थलको व्यवस्थापन सम्बन्धी व्यवस्था :**
(१) यस निर्देशिका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल व्यवस्थापनको हकमा एयरपोर्ट अपरेशन विभाग, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय र अन्य बिमानस्थलको हकमा सम्बन्धित बिमानस्थलका प्रमुखले सम्बन्धित वायुसेवा वा संस्थालाई ऱ्याम्पको स्थान तोक्ने व्यवस्था गर्नेछ ।

(२) त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको हकमा एयरपोर्ट अपरेशन विभाग, त्रिभुवन अन्तर्राष्ट्रिय नागरिक उड्डयन कार्यालयले ग्राउण्ड ह्याण्डलिङ्ग अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा वा संस्थासंग गर्नु पर्ने सम्झौताको मस्यौदा तयार गरी महानिर्देशकबाट स्वीकृत गराई सोही अनुसार सम्झौता गर्नु

पर्नेछ । आन्तरिक विमानस्थलको हकमा एयर नेभिगेशन सर्भिसेस निर्देशनालयले मस्यौदाको नमूना तयार गरी सबै आन्तरिक विमानस्थलहरुमा पठाउनेछ ।

(३) त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको हकमा साना तथा कुनै उपकरण आवश्यक नपर्ने चार्टर उडानका लागि आउने बायुयानको ग्राउण्ड एड्मिनिष्ट्रेशन तथा सुपरभिजनको कार्य तथा सो बापतको दस्तुर असुल गर्ने कार्य त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल नागरिक उड्डयन कार्यालय मातहतको टर्मिनल व्यवस्थापन महाशाखाबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिमको सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने वायुयानको दस्तुरका सम्बन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको अन्तर्राष्ट्रिय उडानको हकमा टर्मिनल व्यवस्थापन महाशाखाको सिफारिशमा राजस्व शाखाले बुझिलिए पछि मात्र टर्मिनल व्यवस्थापन महाशाखाले जनरल डिक्लरेशन (जिडी) स्वीकृत गर्नेछ । अन्य बिमानस्थलको हकमा सम्बन्धित कार्यालय प्रमुखले दस्तुर तथा शुल्क असुल गर्ने व्यवस्था गर्नेछ ।

(५) भूमिस्थ प्रवन्ध सम्वन्धी प्रशासनिक व्यवस्थाको कार्य लगायत यस निर्देशिका बमोजिम अनुमति तथा प्रमाण पत्र प्राप्त संस्थाहरुको अनुगमन निरीक्षण तथा सुपरिवेक्षण कार्य श्री एयर नेभिगेशन सर्भिसेस निर्देशनालयबाट एयरपोर्ट अपरेशन विभाग, त्रिभुवन अन्तर्राष्ट्रिय नागरिक उड्डयन कार्यालयसंग समेत सम्वन्य गरी गरिने छ ।

२६. **धावनमार्ग, ट्याक्सी मार्ग/एप्रोन अवरुद्ध भएको अवस्थामा विमानस्थल संचालनको व्यवस्था :** वायुयानमा कुनै प्रकारको खरावी भई विमानस्थलमा पर्न आएको आकस्मिकताको अवस्थामा जुनसुकै प्रकारको ग्राउण्ड ह्याण्डलिङ्ग गर्ने संस्थाको उपकरण र दक्ष जनशक्तिको प्रयोग गरी विमानस्थल सुचारु गर्न सकिनेछ ।

२७. **खारेजी र बचाउ :** नेपाल नागरिक उड्डयन प्राधिकरण, वायुयानहरुको भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन निर्देशिका, २०६९ खारेज गरिएको छ र सो निर्देशिका अनुसार भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

२८. **निर्देशन दिने महानिर्देशकको अधिकार :** विमानस्थलमा सेल्फ ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा, कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग तथा अन्य भूमिस्थ सेवा, फ्युल एण्ड आयल ह्याण्डलिङ्ग, क्याटरिङ्ग ह्याण्डलिङ्ग, फ्रेट एण्ड मेल ह्याण्डलिङ्ग/ट्रान्जिट कार्गो, कुरियर ह्याण्डलिङ्ग सेवा गर्ने अनुमति प्राप्त संस्थाबाट सेवाको स्तर कायम गराउन र अन्य व्यवस्थापन सम्बन्धमा प्राधिकरणको महानिर्देशकले समय समयमा निर्देशन दिन सक्नेछ । महानिर्देशकको निर्देशन पालना गर्नु सम्बद्ध संस्थाको कर्तव्य हुनेछ ।